बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# प्रेस विज्ञप्ति

मिति २०७७।०६।२१
बैतेश्वर गाउँपालिका

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**आदरणीय पत्रकार महोदय,**

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम मुलुक संघीय संरचनामा गएपछि जिल्लाको पुन:संरचना गर्न गठित प्राविधिक समितिले सर्वसम्मत बैतेश्वर गाउँपालिकाको केन्द्र पाडुडाडा तोकी पुन: संरचना आयोगमा पठाएको थियो । तर मिति २०७३ फाल्गुण २७ गतेको राजपत्रमा बैतेश्वर गाउँपालिकाको केन्द्र साविक काब्रे गा.वि.स.को गा.वि.स.भवनमा तोकिएको अवस्था थियो । स्थानीय तहको सेवा संचालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४ को बुँदा (१) मा निर्वाचन भएको मितिले गाउँसभाले ६ महिना भित्र स्थानीय तहको केन्द्र तथा नाम परिवर्तन गर्नुपर्ने भएमा बहुमतले निर्णय गरि नेपाल सरकार समक्ष पेश गर्न सक्ने प्रावधान अन्तर्गत रही स्थानीय जनताको चाहना र भावनालाई मध्यनजर गर्दै मिति २०७४/०१/३१ मा निर्वाचित पदाधिकारीहरुको गाउँसभाको मिति २०७४ आश्विन २५ गतेको सर्वसम्मत निर्णयले स्थानियबाट दान प्राप्त २१ हजार ३ सय ७८ व.मि.जग्गा साविक नाम्दु गा.वि.स.को वडा नं.४ हाल वैतेश्वर गाउँपालिका वडा नं.६ पाँडुडाँडामा राख्ने निर्णय गरी नेपाल सरकार समक्ष सिफारीस गर्ने निर्णय भएको थियो । स्थायी केन्द्र पाडुँडाडा कायम भए पश्चाात सो क्षेत्रमा भौतिक संरचना, सडक, खानेपानी, विद्युत, इन्टरनेट जस्ता सेवा सुविधा विस्तार गर्न र जग्गा व्यवस्थापनलाई व्यवस्थित वनाउन गाउँपालिकाले मिति २०७४।०४।१२ मा केन्द्रको जग्गा सिफारिस समिति गठन गरेको थियो । जग्गा सिफारिस समिति र केन्द्र बाहिरको जग्गा धनिहरु समेतको प्रतिनिधित्व हुने गरी ११ सदस्यीय समिति गठन गरेको थियो । गठित समितिको विशेष पहल कदमी, स्थानिय राजनितिक दल, जनप्रतिनिधि एवम पाडुँ स्थितका जग्गा धनीहरुको अथक प्रयासमा आज दोलखाका ७ वटा गाउँपालिका मध्ये आफ्नै जग्गामा भौतिक संरचना निर्माण गरी सेवा प्रवाह गर्ने सम्भवत: पहिलो स्थानीय तह बैतेश्वर गाउँपालिका हुनु पर्दछ ।

**पत्रकार महोदय,**

यो महान अभियानका महान हस्तीहरु विशेष गरी जग्गा दाता, स्थानीय राजनीातिक दल एवम जनप्रतिनिधिहरु धन्यवादका पात्र हुनुहुन्छ । जग्गा दान गर्ने क्रममा भएका कठिनाई एवम कानुनी जटिलताका बाबजुत निरन्तर गरिएको प्रयास एवम उच्च मनोबल, नैतिकता, राजनैतिक प्रतिबद्धता तथा ऐक्यबद्धताका कारण नेपालकै स्थानिय तहहरु मध्य बैतेश्वर गाउँपालिका सेवा प्रवाह तथा विकास निर्माणमा अब्बल ठहरिएको छ । यसै पृष्ठभुमिमा जग्गा व्यवस्थापनको विषय लाई लिएर मिति २०७७/०५/१९ गतेदेखी विभिन्न मितिमा विभिन्न व्यक्तिहरुले सामाजिक संजालमा उठाएका वैतेश्वर गा.पा.का जग्गाधनि प्रमाणपूर्जा दान गरेको जग्गाको गाउँपालिकाको नाममा छ वा छैन भन्ने विषयमा प्रष्ट पार्नु

गाउँपालिकाको कर्तव्य एवम दायित्व थियो । मिति २०७७/०५/२३ गतेको कार्यपालिकाको बैठकको निर्णय नं.१ अनुसार वैतेश्वर गाउँपालिकाको स्थायी केन्द्र स्थापना गर्न गाउँपालिकाको नाममा जग्गा व्यवस्थापन भएको जग्गाको विवरण सम्बन्धमा सामाजिक सञ्जालमा राखेको विषयमा छानबिन गरि १५ दिन भित्र प्रतिवेदन तयार गरि सार्वजनिक गर्न समिति गठन भएको थियो । सो समितिले सत्यतथ्य छानबिन गरी प्रतिवेदन बुझाई सकिएको अवस्था हो । आज हामी सो समितिले पेश गरेको प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रममा उपस्थित भएका छौ । प्रतिवेदनले दिएका सत्यतथ्य विवरणहरु आम नागरिक हरु सम्म सम्प्रेषन गर्नु तपाई हामी सबैको साझा दायित्व हो ।

**पत्रकार महोदय,**

वैतेश्वर गाउँपालिकाको नाममा रहेको जग्गा व्यवस्थापन सम्बन्धी भए गरेको सत्य तथ्य विवरण पत्ता लगाई प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने उद्देश्य रहेको छानबिन समितिले सिमित समय एवम क्षेत्राधिकार भित्र रही धेरै भन्दा धेरै सरोकारवाला व्यक्तिहरु सँग अर्न्तक्रिया गरी विषय वस्तु को चिरफार गर्ने प्रयास गरेको छ ।

वैतेश्वर गाउँपालिकाको जग्गा व्यवस्थापन सम्बन्धि भए गरेका कार्यहरुको विवरण छानबिन गर्ने क्रममा छानबिन समितिले तपसिल बमोजिमको अध्ययन विधि अपनाएको थियो ।

- वैतेश्वर गाउँपालिका सँग जग्गा व्यवस्थापन सम्बन्धि भए गरेका निर्णयहरु पालिकाको नाममा रहेका जग्गाधनी प्रमाण पत्र तथा अन्य आवश्बयक कागजात माग गरि सुक्ष्म अध्ययन गरिको थियो ।
- गाउँपालिकाले गठन गरेको जग्गा सिफारीस समितिका निर्णयहरु लगायत सो समितिले भए गरेका र समितिसँग भएका अभिलेख माग गरि अध्ययन गरेको थियो ।
- जग्गा सिफारीस समितिद्धारा गठित जग्गा व्यवस्थापन समितिले गरेका निर्णय, समितिसँग भएका अभिलेख माग गरी अध्ययन तथा समिति पदाधिकारी सँग छलफल अर्न्तकिया गरेको थियो ।
- वैतेश्वर गाउँपालिकालाई जग्गा दान दिने जग्गा दाता, स्थानिय सर्वसाधारण, सरोकारवाला व्यक्तिहरु आदिसँग अर्न्तकिया तथा वृहत छलफल गरेको थियो ।
- प्रविधिद्धारा गाउँपालिकाको नाममा दान प्राप्त जग्गाको फिल्ड रेखांकन ट्रेस तयार, भोगअधिकार एकिन गर्ने काम गरेको थियो ।
- जग्गा छानबिनको सत्यतथ्य विवरण प्राप्त हुन गर्ने प्रश्नावली तयार गरि सम्बन्धित जग्गा दाता, स्थानिय समिति,पदाधिकारी आदि सँग उत्तर खोज्ने प्रयास गरेको थियो।

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल

## निष्कर्ष

गाउँपालिका केन्द्रको प्रशासनिक क्षेत्रभित्र दान गरिएको जमिन बैतेश्वर गा. पा. को नाममा मात्र दान पत्र प्राप्त भएको देखियो । दान हुन बाँकी कृष्णमाया भट्टराई कि. नं. २७२० को क्षेत्रफल ४२५ व. मि. र पुष्पराज भट्टराई र लुसनराज भट्टराईको नाममा रहेको कि. नं. २७२१ को क्षेत्रफल ४७५ व. मि. जग्गा जग्गाधनि कृष्णमाया भट्टराईको मृत्यु भएको र निजका हकदार कान्छो छोरा टविन्द्र भट्टराई वैदेशिक रोजगारीको शिलशिलामा जापानमा रहेको र पुष्पराज भट्टराई उपलब्ध भएतापनि उनका भाइ लुसनराज भट्टराई पनि अध्ययनका क्रममा जापान रहेको हुँदा दान दिन असम्भव देखियो भने बाँकी कोही कसै व्यक्तिको नाममा जग्गा रा. पा. भएको देखिन्न ।

जग्गा व्यवस्थापन समितिले गाउँपालिकाबाट जग्गा मिलान तथा स्रोतभर्ना गर्दा लाग्ने खर्च गाउँपालिकाबाट भुक्तानी भएको छ की भन्नलाई सम्बन्धित सँग बुझ्दा खर्च उपलब्ध गराएको देखिएन ।

सामाजिक सञ्जालमा मिति २०७७/०५/१९ गतेदेखी विभिन्न मितिमा विभिन्न व्यक्तिहरुले उठाएका वैतेश्वर गा.पा.का जग्गाधनि प्रमाणपूर्जा दान गरेको जग्गाको गाउँपालिकाको नाममा छ वा छैन भन्ने विषयमा उल्लेख भएका भनाईहरुको विवरण प्रतिवेदनमा संलग्न छ ।

वैतेश्वर गाउँपालिका वडा नं.१ बस्ने आइती तमाङको नाममा मिति २०७५/०६/२५ मा वैतेश्वर गा.पा. वडा नं.५ बस्ने पदम बहादुर दहालले मालपोत कार्यालय दोलखाबाट वैतेश्वर वडा नं.६ साविक नाम्दु ४ को कि.नं. ३४५४ को क्षेत्रफल २५५(दुई सय पचपन्न) व.मी.रजिष्ट्रेसन राजीनामाबाट बिक्रि गरेको देखिन्छ ।

शोधभर्ना बापत २८ जना जग्गाधनीहरुबाट १३२५१ वर्ग मिटर जमिन प्राप्त भएको देखियो । उक्त जग्गा मध्ये जग्गा दान गर्ने जग्गादातालाई ११३९३ वर्ग मिटर जमिन शोधभर्ना गरिएको र बाँकी १००९ वर्ग मिटर जग्गा व्यवस्थापन समितिको २०७४/१०/१३ को ५ नं निर्णयले ईच्छुक नागरिकहरु मध्ये जग्गा मिलान लिन दिन गर्दा लाग्ने खर्च जुटाउन केही जग्गा बिकी गर्ने निर्णय बमोजिम तपसिलका व्यक्तिहरुलाई रा. पा.बाट बिकी गरेको देखियो ।

<u>तपशिल</u>

१. निर्मला घिसिङ + सिता आचार्य – ६०० वर्ग मिटर

२. मनमाया दहाल + लाल कुमारी तमाङ + कमला तमाङ –४०९ वर्ग मिटर

वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...डुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

बाँकी ८४९ वर्ग मिटर जग्गा मध्ये २२५ र ३८९ वर्ग मिटर गरी जम्मा ६१४ वर्ग मिटर जग्गा व्यवस्थापन समिति सदस्य बालकुमार दहाल र २३५ वर्ग मिटर जमिन जग्गा व्यवस्थापन समिति सदस्य पदम बहादुर दहालको नाममा देखिन्छ ।

जग्गा अनुसन्धानका क्रममा जग्गा व्यवस्थापन समितिको सदस्यहरु श्री पदम बहादुर दहाल र बालकुमार दहालका नाममा रहेको जग्गा गाउँपालिकाको नाममा जग्गा दान गर्ने व्यक्तिहरुलाई स्रोतभर्ना वापत पाउन बाँकी जग्गाको क्षेत्रफल यथाशक्य छिटो उपलब्ध गराई सो बाट बाँकी रहेको जग्गाको क्षेत्रफल गाउँपालिकाको नाममा शिघ्र दानपत्र गर्नुपर्ने देखिन्छ ।

सामाजिक सञ्जालमा उठाइएका सवालहरुमा जग्गा व्यवस्थापन समितिको कार्यविधि समय सिमा तोकेको अभिलेखबाट पुष्टी हुन सकेन । निरन्तर जग्गाको व्यवस्थापन गरिरहँदा वैतेश्वर गाउँपालिकाको केन्द्र रहेको क्षेत्रमा व्यक्ति विशेषले जग्गा प्राप्त गरेको अध्ययनबाट देखिएन ।

विस्तृत विवरणहरु प्रतिवेदनमा समावेश गरिएको जानकारी गराउदै हाम्रो निमन्त्रणा लाई स्वीकारी उपस्थित हुनुभएकोमा विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।